प्रदेश सरकार
प्रदेश नं ५
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
# सामाजिक विकास डिभिजन कार्यालय
## प्युठान

मिति २०७७।४।२६

पस ०७७।०७८
च न

विषय गैरसरकारी सघसंस्थाको सूचिदर्ता गर्ने सम्वन्धि सूचना

उपर्युक्त विषयमा यस कार्यालयबाट प्युठान र रोल्पा जिल्लामा संचालन गरिने वालअधिकार तथा सामाजिक न्याय कार्यक्रम र लैंगिक सशक्तिकरण तथा मूल प्रवाहीकरण कार्यक्रम अन्तरगत कार्य गर्न भनि तोकिएका केही कार्यक्रमहरु आ व २०७७।०७८ मा संचालन गर्नका लागि सूचि दर्ता भएका संघसंस्थाहरुले मात्र आवेदन दिन पाउने भएकोले सूचि दर्ता हुन तपसील बमोजिमका कागजातहरु सहित इच्छुक गैरसरकारी संघसंस्थाहरुले समयमै यस कार्यालयमा निवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।यस कार्यालयमा सूचिकृत नभएका संघसंस्थाहरु संग सहकार्य र सहजिकरण गर्न कार्यालय वाध्य नहुने व्यहोरा समेत अनुरोध छ ।

तपसील
१ आवेदक संस्था सम्वन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र को प्रतिलिपि ।
२ आव ०७६।०७७को अन्तिम लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
३ संचालक समितिको निर्णय को प्रतिलिपि ।
४ संस्थाको आधिकारीक पत्र ।

नयां संस्था सूचिकृत गर्नका लागि आवस्यक कागजातहरु ।
१ संस्थाको विधानको साथै माथि उल्लेखित कागजातहरुको प्रतिलिपि ।
२ समाजकल्याण परिषद्मा आवध्दताको प्रमाणपत्रको प्रतिलिपि ।
३ प्युठान र रोल्पा जिल्लामा कार्यक्षेत्र नभएका अन्य जिल्लामा दर्ता भै संचालित संस्थाहरुले यस कार्यालयमा सुचि दर्ता गर्नुपरेमा प्रदेश नं ५ को तोकिएको निकाय वा जुन जिल्लामा कार्य गर्ने हो सोही जिल्ला (प्युठान र रोल्पा) जिल्ला प्रशासन कार्यालयको अनुमति वा स्विकृति पत्र ।
४ संस्थाको प्रोफाइल ।
५ रीत नपुगी पेश भएका आवेदन सुचिकृत गरिने छैन ।
६ यस सम्वन्धि अन्यकुरा वुझ्नुपरेमा कार्यालय समयमा फोन नं ०८६ ४६०१४३ मा सम्पर्क राख्न सकिने छ ।

विष्णुप्रसाद भुसाल
कार्यालय प्रमुख